# प्रदेश सभा

## गण्डकी प्रदेश

## पाँचौ अधिवेशन

## (दशौं बैठक)

## कार्बाहीको सम्पुर्ण विवरण

## मिति : २०७६/१०/२३ गते दिनको१.१२ बजे

आज मिति २०७६/१०/२३ गते दिनको ठिक १.१२ बजे गण्डकी प्रदेश , प्रदेश सभाको पाँचौ अधिवेशनको दशौं बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारी ज्युको अध्यक्षतामा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ।सर्वप्रथम मिति २०७४ साल माघ २२ गते प्रदेश सभाको पहिलो बैठक बसेको थियो।मिति २०७६ साल माघ २२ गते दोस्रो वर्ष पुरा गरी तेस्रो वर्षमा प्रवेश गरेको यस पावन अवसरमा म सम्पूर्ण माननीय सदस्यहरु सहित सम्पुर्ण प्रदेश वासिहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।माननीय सदस्यहरु अब शून्य समय प्रारभ्म हुन्छ।शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाईहरु राख्नु हुन अनुरोध गर्दछु।

माननीय मेखलाल श्रेष्ठ स्याङ्जा ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, समाजमा सफा र स्वच्छ राख्नको लागि बाटाघाटाहरुमा सफा सुग्घर गर्नको साथसाथै यातायातका साधनहरुलाई पनि व्यवस्थित गर्न अति जरुरी हुन्छ।पोखरा महानगरपालिकाको रुपमा विकसित भएको छ।हाम्रो गण्डकी प्रदेशको राजधानी पनि भएको हुनाले यहाँ सवारी चाप

हुनु स्वाभाविक हो।यो सवारी चापलाई व्यवस्थित गर्दै जाने कुरामा ठाँउठाँउमा पार्किङको व्यवस्था गरिएको हुन्छ र छ पनि तर ति पार्किङहरुको व्यवस्था भद्रगोल रुपमा विना नियममा गरेको कारणले चाहे त्यो गाडी धनी होस चाहे त्यो व्यवसायमा संलग्न वरिपरिका व्यवसायीहरुलाई समेत मर्कामा पार्ने गरि विभिन्न ठाँउमा पार्किङ एरिया छुट्टाइएको छ।तर त्यो पार्किङ कसरी गर्ने भनेर त्यहाँ कुनै होडिङ बोर्डहरु छैन।बाटोमा जुन अन्तराष्ट्रिय नियम अनुसार पार्किङ गर्ने ठाँउमा पहेंलो घेराले काटिसकेपछि पहेंलो घेराको भित्र पार्किङ गर्न पाउने जुन नियम छ, त्यसलाई पनि ट्राफिकहरुले आफ्नो मनोमानि रुपमा ब्याख्या गरेर कहीं सोझो पार्किङ गर्न पाइने, कहीं त्यसलाइ बक्स भित्र पार्किङ गर्न पाइने भन्ने उनिहरुको आफ्नै नियम लागु गरेर यातायातका धनीहरुलाइ र वरिपरिका पसललाइ सास्ति दिएको धेरै जनगुनासो आएको  आएको छ।यदि कुन ठाँउमा कुन किसिमले पार्किङ गर्ने हो सम्वन्धित ठाँउमै एरो लगाएर त्यो ठाँउमा बक्स भित्र पार्किङ गर्ने हो भने बक्स बनाइदिनु पर्यो र छडके पार्किङ गर्ने हो भने छड्के पार्किङ् गर्ने एउटा एरो काटिदिएर त्यो भित्रनै व्यवस्थित रुपमा पार्किङ गर्नको लागि सरकारले चाँडो भन्दा चाँडो सम्वन्धित ठाँउमा त्यसको व्यवस्था गरेर पार्किङ्लाई सुचारु गरेर यो महानगरपालिका र गण्डकी प्रदेशलाई अझै स्वच्छ,सफा र व्यवस्थित बनाउनका लागि गण्डकी प्रदेशको सरकार तदारुकताका साथ लागोस भनेर गण्डकी प्रदेश सरकार अगाडि बढोस भन्ने माग सभामुख महोदय मार्फत गर्न चाहान्छु। धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ।माननीय सदस्यहरु अव विशेष समय प्रारम्भ हुन्छ।निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री पुष्पा केसी भण्डारी ।समय ५ मिनेट।

**माननीय पुष्पा केसी भण्डारी**

धन्यवाद सभामुख महोदय, माननीय सभामुख महोदय यस सम्मानीत सभामा आज म एउटा बहुचर्चित विषयलाई आफ्नो तर्फबाट पनि राख्न चाहान्छु।सभामुख

महोदय यो विषयलाइ माघ १३ गते माननीय राजिव पहारी ज्यूले हल्का उठान गर्नु भएको थियो।जसलाइ  म आज अलि डिटेलमा उठाउन अनुमति चाहान्छु।सभामुख महोदय यस पर्यटकीय नगरी पोखरामा बिभिन्न मुलुकबाट थरिथरिका भिषामा पर्यटकहरुको प्रवेश भैरहन्छ। त्यहि क्रममा अमेरिकी नागरिक निसेल अलेकजन्द्रा राभेल्स पनि विजनेस भिसामा नेपाल आइन र लर्निङ हाउस प्रा.लि.नामको संस्था संचालन गरिन्।त्यस संस्था मार्फत उनले अनुमति पाएका र नपाएका गतिविधि पनि संचालन गरेको कुरा संचार माध्यमहरुबाट बाहिरिएको छ।त्यस गतिविधिवाट उनले आयआर्जन गर्ने गरिएको पनि भनिएको छ।त्यसरी नै नेपालका गरिव र अशिक्षित नागरिकलाई देखाएर खातालाइफ नामक दर्ता नै नभएको संस्था मार्फत रकम संकलन गरि अमेरिकामा नै संचित गरेको खबर पनि ब्यापक भैरहेको छ।यो खवरले ती अमेरिकी नागरिक मिसेल्स माथि छानबिन गरियोस भन्ने जनदवाफ पनि बढदै गएको छ तर यसरी यी खवर संचारका माध्यमहरुमा आईरहँदा प्रहरी प्रशासन बाट यो खालको कार्वाहि अगाडि बढेको छ भन्ने सुन्न पाईएको जस्तो मलाई लाग्दैन सभामुख महोदय तिनि महिला बिरुद्ध बिभिन्न निकायमा उजुरी परेको छ भन्ने सुन्नमा आएको छ।सुनेकी छु सिडियो कार्यालय, जिल्ला प्रहरी कार्यालय,अध्यागमन कार्यालय पोखरा र काठमाण्डौ अख्तियारमा समेत पनि उनका बिरुद्ध उजुरी छ तर के भैरहेको छ त्यो कुरा जनसमक्ष आइसकेको छैन या म अनभिज्ञ रहे।कुरा मेरो अनभिज्ञताको भन्दा पनि बिदेशी नागरिक नेपाल भित्र छिर्दा कुन भिसामा कति समयका लागि छिरेका हुन र तिनिहरु त्यहि अनुरुप समय बिताईरहेका छन वा अरु कुनै निषेधित कार्य गरिरहेका छन।त्यस तर्फ नियमनकारी निकायको ध्यान पुगेको छ वा छैन भन्ने हो यिनले पनि आँफुले पाएको अनुमति भन्दा बाहिर गएर धन आर्जनका निम्ती काम गरिन भनिरहँदा हाम्रो देशका नियमनकारी निकायहरुले ध्यान दिनु पर्ने कि नपर्ने कसैले आफ्ना नागरिकको अशिक्षा, गरिविको व्यापार गरेर धन आर्जन गर्दा देश र जनताको सम्मानमा आँच आउने कि नआउने? यदि आँच आउने हो भने त्यसलाई रोक्न पाईला चाल्न पर्ने कि नपर्ने भन्ने प्रश्नहरु उठदछन।यो घट्ना जस्ता घट्नाहरु मुलुकको अन्य भागमा अन्य यस्तै नागरिकहरुबाट पनि भैरहेको

हुन सक्छ।त्यसैले म माननीय सभामुख ज्यू मार्फत यो घटनाको छानविन यथाशिघ्र गरियोस भन्दै यस्ता घट्ना र गतिविधिहरु हुन नदिन नियमनकारी निकायहरुलाइ सतर्क गराईयोस भन्ने पनि माग गर्दछु।धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री ललितकला गुरुङ।समय ५ मिनेट।

## माननीय ललितकला गुरुङ

माननीय सभामुख महोदय, आज प्रदेश सभा दोस्रो वर्ष पुरा गरेर तेस्रो वर्षमा प्रवेश गर्दै गर्दा म प्रदेश सभाका सम्पुर्ण माननीय ज्यूहरुलाइ यो तेस्रो वर्ष अत्यन्त सुखद रहोस भन्ने शुभकामना दिन चाहान्छु।र मेरो आफ्नो विषयतिर प्रवेश गर्न म चाहान्छु।म धौलागिरी अञ्चलको प्रवेश द्वार, पर्वत जिल्लाकै पनि प्रवेश द्वार र मोदि गाँउपालिकाका वडानं १ र २ मा निर्माणाधिन मिडल मोदि १७ मे.वाटको छ।यो केहि वर्ष यता निर्माणाधिन अवस्थामा छ र यसले विकास आँउदा विकास हुँदै गर्दा त्यो सकरात्मक हो तर स्थानिय जनताहरुलाइ यो हाइड्रोपावरले अत्यन्तै त्रास उत्पन्न भएको छ।मैले झण्डै एक बर्ष पहिले यहि हाउसमा कुरा उठाएको थिए।त्यो सुनुवाइ भएन र त्यसको उत्तर मैले पाएको थिइन र आज मैले फेरि यो कुरा उठाउन बाध्य भएको छु।मोदिको वडानं १र २मा जुन निर्माणाधिन छ र त्यहाँ अहिले सुरुङ मार्ग खनिरहेको अवस्था छ र केहि समयमा यो पुरा हुँदै पनि छ।तर त्यहाँ भूगर्भविधहरुले त्यहाँ खतराको संकेत पनि गरेका छन र त्यहाँका केही घरहरु विस्थापित पनि भएका छन।र केहि वस्ति विस्थापित हुँदै पनि छन।र एक वर्ष पहिला खेती लगाएको जुन धान खेतहरु अहिले गएर त्यहाँ खेती लगाएनन्।यो गत साल चाँहि धानै रोपेनन् किनभने त्यो भासिने क्रम जारी छ र त्यहाँ उठने मुलहरु पनि सुकेको अवस्था छ।ठयाक्कै कास्की र पर्वतको वोर्डरमा रहेको नयाँपुल अहिले त्यहाँ मोटरेवल पुल वनिरहेको अवस्था छ।त्यो भन्दा पारी माध्यामिक विद्यालय छ।केहि वस्तिहरु छ त्यो पनि माथिको जुन त्यो सुरुङमार्ग खनिदै गर्दा माथिको त्यो भिर भत्किएर आएर पुरिने अवस्था छ।यो एक दुई वर्षमा यो स्थिति देख्न पर्ने हो कि भन्ने अवस्था छ र यसलाई यस मार्फत त्यहाको जनतालाई र त्यहाँको स्थानिय वासीलाइ त्यहाँ अन्त स्थानान्तरण गर्न

सकिन्छ। त्यहाँ कसरी हामीले काम गर्दै गर्दा यो हाइड्रोपावर त्यहाँ बन्दै गर्दा खेरि हामिले त्यहाँको स्थानियलाइ कसरि चित्त बुझाउन सकिन्छ भनेर प्रदेश सरकारको म सभामुख मार्फत ध्यानआकर्षण गर्न चाहान्छु। त्यस्तै अर्को बिषयको पनि म उठान गर्न चाहान्छु। अहिले हामी सम्वृद्ध प्रदेशको कुरा उठाइरहेका छौं हामि विकासका कुरा गरिरहेका छौं सम्वृद्धिको कुरा गरिरहेका छौं हामि संघीयतामा छौं तर मैले त्यहाँबाट मैले यो उ भनेर भन्न चाहादिन यो वडा उ वडा पनि भन्न चाहादिन सिमाङ्कनको कुरा अस्ति भर्खरै केहि समय पहिला हाम्रो यहि हाउसमा हाम्रा एकजना माननीयले भागवत माननीयले कुरा उठाउनु भएको थियो स्याङजा र पर्वतको कुरा पर्वत भित्रै स्थानीय तहमा सिमाङ्कनको कुरा उठिरहेको छ। भोलि त्यहाँ मुठभेट हुने अवस्था छ। त्यहाँ भोलि आफ्नो सिमाको वारेमा त्यहाँ झगडा हुँदै गर्दा भोलि हात हालाहाल रगताम्मे हुने अवस्था पनि सृजना हुने अवस्था मैले देखेको छु। यो कुरा उठिसकेको छ। र प्रदेश सरकारले त्यस तर्फ पनि ध्यान दियोस् र छिटो भन्दा छिटो सिमाङ्कनको कुरा सिमाको कुरा निक्लियोस् क्लियर गरियोस भनेर म सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। धन्यबाद, जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री खिमविक्रम शाही। समय ५ मिनेट।

## माननीय खिमविक्रम शाही

माननीय सभामुख महोदय, अनौपचारीक शिक्षा अन्तर्गत संचालित सामुदायिक अध्ययन केन्द्र अहिले सामुदायिक सिकाई केन्द्र भनेर भनिन्छ। यो सिकाई केन्द्र साविकको गा.वि.स. प्रत्येक गा.वि.स.मा संचालन गर्ने हेतुले संचालित अहिले त्यो अगाडी बढेको अवस्था छैन र भएका सिकाई केन्द्रहरुमा काम गर्ने कर्मचारी भनौं अथवा परिचालक, परिचालिकाहरु न्युन पारिश्रमिक खाएर बसिरहेको अवस्था छ। र आफ्नै भवन पनि नभएको हुनाले भाडामा भाडा तिर्न नसकेर त्यो सिकाई केन्द्र अलपत्र परेको अवस्था जानकारी गराउन चाहान्छु। र त्यो अवस्थालाई अगाडी बढाउनको लागि परिचालिकाको पारिश्रमिकको बृद्दि गरेर र भवन निर्माण गर्ने कार्यलाई अगाडी बढाएर उहाँहरुलाई अहिले जुन भुमिका विहिन जस्तो

अवस्थामा रहेको छ सिकाई केन्द्र तेल्लाइ भुमिका सहितको कार्यक्रम अगाडी बढाउन म अनुरोध गर्छु। सभामुख महोदय, अर्को कुरा अपाँङ्गता भएका ब्यक्तिहरु जो अहिले सम्म चार प्रकारका परिचय पत्र वितरण गरिएको छ र दुई प्रकारका परिचय वितरण भएका व्यक्तिहरुले भत्ता लिने गर्नु भएको छ, खाने गर्नु भएको छ। र दुई प्रकारका जुन सेतो र पँहेलो कार्ड भएका परिचयपत्र भएका अपाँङ् व्यक्तिहरुले कुनै प्रकारको सेवा सुविधा नपाएकोले उहाँहरुलाई पनि नपाएको हुँदा त्यस्ता प्रकारका सेवा सुविधा उपलब्ध बनाईदिनु हुन म ध्यानाकर्षण गर्न चाहान्छु र कतिपय त्यस्ता अपाँङ्ग भएका त्यस्ता ब्यक्तिहरुका बुवा आमा नभएका आर्थिक श्रोत एकदम कमजोर भएका र औषधी मुलो पोषण उपलब्ध गर्न नसकेका ब्यक्तिहरुलाई मानव सेवा आश्रमले त्यस्ता ब्यक्तिहरुको उद्दार गरेर सेवा गरेर उपचार गरेको पोषण दिएको पनि हामी देख्ने गरेका छौं तसर्थ त्यस्ता मानब सेवा आश्रमहरुलाई हाम्रो प्रदेश सरकारले आर्थिक, नैतिक, भौतिक रुपमा सहयोग गरेर हौंसला प्रदान गर्नु हुन म अनुरोध गर्छु। धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री राजिव गुरुङ समय ५ मिनेट। माननीय सदस्य श्री राजिव पहारी समय ५ मिनेट।

## माननीय राजिव पहारी

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभाको बैठक संचालन भएको दुई वर्ष पुरा भएको छ। चौतिस वटा बिधेयक यस सभाबाट पारित भएका छन। यो अत्यन्त ठूलो उपलब्धि हो। मैले आज उठाउन खोजेको कुरा विद्यार्थीहरुको लामो संघर्ष, बलिदानबाट स्थापना भएको हरेक क्याम्पसहरुमा स्वतन्त्र विद्यार्थी युनियन त्यो स्वतन्त्र विद्यार्थी युनियनले क्याम्पसको विकास निर्माण र विद्यार्थीहरुको हक हितको निम्ति धेरै महत्वपूर्ण भुमिका खेल्दै आएको छ। हामीले यहाँ नजिकै रहेको पृथ्वीनारायण क्याम्पसको पनि जति विकास निर्माण भएको छ, त्यहाँ स्वच्छ, शैक्षिक वातावरण कायम राख्न स्ववियुको ठूलो भुमिका रहेको छ। आज स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन नभएको एघार वर्ष पुरा भएको छ। पि.एन.लगायतका ठूला क्याम्पसहरुमा यसले गर्दा त्यहाँ विद्यार्थीहरुले धेरै समस्याहरु झेल्नु

परिरहेको छ, व्यहोर्नु परिरहेको छ। केहि समय अगाडी मात्रै पार्ट टायम टिचरहरुले आन्दोलन गरेर पाँच दिनसम्म क्याम्पस ठप्प भयो त्यस्तोमा चाँहि मध्यस्थताको भुमिका खेल्ने, त्यस्ता कुराहरु समस्या समाधान गर्नका निम्ति महत्वपूर्ण भुमिका स्ववियु भएको भए तेल्ले खेल्थ्यो तसर्थ यो त्रिभुवन विश्वविद्यालयले खालि स्ववियु निर्वाचन घोषणा गर्ने तर त्यसलाई कार्यान्वयन नगर्ने चेकलिष्ट बनाएर, कार्यतालिका वनाएर तेल्लाई कार्यान्वयन नगर्ने काम गरिरहेको छ। यो सन्दर्भमा म गण्डकी प्रदेश सरकार भलै हाम्रो कार्यक्षेत्र भित्र नपर्ला यो संघीय सरकार अन्तर्गत होला तर यो स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन फागुन चौध गतेको दिन नै गराउनको निम्ति आवश्यक पहल र भुमिका खेलिदिनको निम्ति म प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु। दोस्रो मैले अस्ति पनि उठाएको थिए यो हामीले पोखरालाई खेलकुदको राजधानि पनि बनाउन सक्छौं यहाँ खेलकुदका अन्तराष्ट्रिय खेलहरु धेरै भएका छन्। यहि सन्दर्भमा फागुन ३ गते पोखरा म्याराथुन हुदैछ। जुन पोखरा म्याराथुनमा युनेष्कोको पुर्व अध्यक्ष डेभिनसन लगायत तेह्र देशका उन्नाइस जना विदेशी खेलाडीहरु आँउदै हुनुहुन्छ, हजारौं हजार मानीसहरु देश भित्रबाट यसमा सहभागिता हुँदैछन। यस्ता इभन्टहरुले शहरलाई जिवन्त राख्नको निमित्त धेरै ठूलो महत्वपूर्ण भुमिका खेल्छ। जस्तो हाम्रो पोखरा शहरको विभिन्न छिमेकी मुलुकका शहरहरु सँग पनि भगेनि सम्वन्ध छ। प्रदेशको पनि भगेनि सम्बन्ध छ। त्यस्ता खेलाडीहरुलाई बोलाएर हामीले अझै येल्लाई ओझपुर्ण बनाउन सकियो भने राम्रो हुनेछ। यो सन्दर्भमा पनि प्रदेश सरकारको पनि अलि विशेष ध्यान दिईयोस भन्ने अनुरोध गर्न चाहान्छु। अर्को हाम्रो माननीय मुख्यमन्त्रीज्यूले मायस टुरिजमको अवधारणा लिएर अगाडी वढ्नु भएको छ। यो कुरालाई उहाँले पटक पटक उठाउनु पनि हुन्छ। आज अन्तराष्ट्रिय बिमानस्थलको निर्माण कार्य सम्पन्न हुदैछ। यहाँ हामीसित स्तरिय होटलहरु पनि छुन अरु धेरै हिसाबले उपयुक्त छ तर एउटा स्टायन्डर हल छैन, एउटा सेमिनार हल छैन, जस्तै भोलिबाटै यहाँ रोटरीको तिन हजार मानिसहरु पोखरामा जम्मा हुँदैछन। तर दुखको कुरा बिडम्वनाको कुरा प्रदर्शनी केन्द्रमा त्रिपाल राखेर कार्यक्रम गर्नुपर्ने स्थिति छ। तसर्थ म चाँही अन्तराष्ट्रिय स्तरको

सेमिनार हल निर्माण गर्नको निम्ती प्रदेश सरकारले यो गृह कार्य अगाडि वढाओस र यसबाट माईस टुरिजम ल्याउनको निमित्त पनि धेरै ठूलो सहयोग पुग्ने छ। यो तर्फ पनि सरकारको ध्यान आकृष्ट गराउन चाहान्छु। अब अर्को अहिले नेपाली जनताले आफ्नो जनताको सरकार भएको अनुभूति गरेका छन चाहे सुशासनको सन्दर्भमा होस् चाहे भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा होस् चाहे विकास निर्माणको सन्दर्भमा होस अहिले मुलुकमा भ्रष्टाचार बढेको होईन भ्रष्टाचारिहरुलाई कारबाहिको दायरा बढेको छ। भ्रष्टाचार गर्ने जो कोहीले पनि उन्मुक्ति नपाउने स्थिति भएको छ। जस्तो यो ललिता निवास वालुवाटारको जग्गाको सन्दर्भमा जो कोही हुन राज्यको अंगहरु अहिले वलियो भैरहेको अवस्था छ। यो सुखद कुरा पनि हो येल्ले सुखी नेपाली सम्बृद्ध नेपाल निर्माण गर्न महत्वपूर्ण भुमिका खेल्छ यिनै कुरा राख्दै विदा हुन्छु। धन्यवाद।

**माननीय सभामुख-** माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ। माननीय सदस्यहरु अब म माननीय सामाजिक बिकास मन्त्री श्री नरदेवि पुन मगरलाई विभिन्न मितिका समयको बैठकमा शून्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका आफ्नो मन्त्रालय सँग सम्वन्धित बिषयलाई सम्बोधन गर्न अनुमति दिन्छु।

**माननीय सामाजिक विकास मन्त्री श्री नरदेवि पुन मगर**-माननीय सभामुख ज्यू, सामाजिक विकास मन्त्रालयका कार्यक्रमहरुका बारेमा समय सान्दर्भिक चासो लिई बिभिन्न खालका जिज्ञासाहरु राखिदिनु भएकोमा विशेष धन्यबाद दिंदै आवश्यक जानकारी राख्ने अनुमति चाहान्छु। सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य सम्बद्ध संस्थाहरुमा स्वास्थ्य सेवाका स्विकृत दरवन्दी अनुसार आवश्यक संख्याका कर्मचारीहरु नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समायोजन भई नआएको र प्रदेश अन्तर्गतका सवै स्वास्थ्य कार्यालय तथा अस्पतालहरुलाई कार्यमुलक बनाई उपलब्ध सेवालाई थप प्रभावकारी वनाउन तथा जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन उपलब्ध कर्मचारीको योग्यता, दक्षता, क्षमता र संगठनको आवश्यकतालाई मुल आधार बनाई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पदस्थापनको लागि सिफारिस गरिएको

र पदस्थापनको अन्तिम निर्णय मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाटै भएको जानकारी गराँउदै कुनै आस्थाका आधारमा कुनै पनि कर्मचारीलाई कुनै प्रकारको भेदभाव नगरिएको जानकारी समेत गराउन चाहान्छु। खेलकुदका लागि स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत मुख्यमन्त्री कप फुटवल प्रतियोगिता सञ्चालनका लागि रु.चालिस लाख नभै बीस लाख मात्र बजेट बिनियोजन भएको र सोहि बजेट प्रदेश सरकार मन्त्रिपरिषदबाट निर्णय भै फुटवल खेलाडीहरुको साझा संस्था एन्फा मार्फत गण्डकी प्रदेश स्तरीय फुटवल प्रतियोगिता संचालन गर्नको लागि रकम उपलब्ध गराईएकोले कुनै प्रकारको नातावाद नगरिएको व्यहोरा पनि माननीय सभामुख मार्फत सम्मानित सभामा जानकारी गराउन चाहान्छु। सामाजिक विकास मन्त्रालयबाट कोही कसैलाई पनि मनोमानी ढंगले उपचार खर्चमा सहुलियत वापतको रकम वितरण नगरिएको र प्रदेश सरकारबाट स्वीकृत कार्यबिधिको सिमा र परिधिमा रहि सोहि बमोजिम मात्रै गर्ने गरिएको व्यहोरा जानकारी गराउन चाहान्छु। धन्यबाद ।

**माननीय सभामुख-** माननीय सदस्यहरु, अब म माननीय भौतिक पुर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेतलाई बिभिन्न मितिका, सभाको बैठकको शुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका आफ्नो मन्त्रालय सँग सम्बन्धित विषयलाई सम्बोधन गर्न अनुमति दिन्छु।

**माननीय भौतिक पुर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत-** माननीय सभामुख महोदय, मिति २०७६ माघ १४ गते सम्मानित सदनको शुन्य र विशेष समयमा भौतिक पुर्वाधार विकास मन्त्रालय सँग सम्वन्धित विषयमा माननीय ज्यूहरुले उठाउनु भएका जिज्ञासा एवं जानकारीहरुका सन्दर्भमा माननीय सभामुख मार्फत सम्मानित सभामा राख्न चाहान्छु। एक, मुग्लिङ पोखरा सडकमा खाल्टा खुल्टी भयो भन्ने सन्दर्भमा मुग्लिङ पोखरा सडकलाई चार लेनको सडक बनाउन सडक विभाग मार्फत बोलपत्र आब्हान भैसकेको र तिन वर्ष भित्र यो सम्पन्न हुँदैछ। हाललाई नियमित मर्मत सम्भार कार्यका लागि सडक डिभिजन कार्यालय कास्की सँग समन्वय गरि केहि काम भैरहेको जानकारी गराउन चाहान्छु। दुई, बारपाक सुलिकोट मान्द्रेमा खानेपानी समस्या भएको भन्ने सन्दर्भमा त्यहाँको

खानेपानीको बास्ताविक अवस्था बुझी जानकारी गराउन खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गोर्खालाई पत्राचार गरिसकिएको जानकारी गराउन चाहान्छु। तिन, दुई वर्ष भित्र खानेपानीको समस्या समाधान गर्ने भनिएता पनि नारामा मात्र सिमित भयो। आधारभुत खानेपानीको अवस्था कस्तो छ भन्ने सन्दर्भमा आधारभुत खानेपानी जनतामा पुर्याउन प्रदेश भरि सूचना जारि गरि संकलन भएका निवेदनहरुको अध्ययन मार्फत मन्त्रिपरिषद बैठकबाट एकसय तिसवटा योजनाहरु छनौट भई कार्यान्वयनको चरणमा प्रवेश गरेका छन। आगामी तिन वर्ष भित्र एक घर एक धारा कार्यक्रम समेत सम्पन्न गर्ने गरी कार्यक्रमहरु अगाडी वढाइएको छ। खानेपानीको क्षेत्रमा प्रदेश सरकारले अत्यन्त उत्साहजनक रुपमा काम गरिरहेको छ। हाल सोहि बमोजिम उपलब्धि समेत प्राप्त भैरहेको छ। हालसम्म स्याङ्जा जिल्लामा मात्र तिन हजार पाँच सय पन्ध्र घरधुरिमा एक घर एक धारा जोडिसकिएको छ र प्रदेश भरि तेईस हजार सातसय पाँच धारा जडान भैसकेको जानकारी माननीय सभामुख ज्यू मार्फत सम्मानित सभामा जानकारी गराउन चाहान्छु। तिन- यो आर्थिक वर्षको कुनै पनि योजना शुरु भएको छैन र वजेट कार्यान्वयन हुने अवस्था देखिन्न भन्ने सन्दर्भमा केहि कानुनी जटिलता र वादविवाद भएका योजना बाहेकका योजनाहरुमा पौष मसान्त सम्ममा समग्र योजनाहरुको पैंतिस पर्सेण्ट भौतिक र वीस पर्सेण्ट वित्तिय प्रगति भैसकेको र शुरुवात नभएका योजनाहरुको सर्वे लगायतका प्रारम्भिक कार्यहरु अगाडी वढिरहेको। प्राविधिक कारणले अडियो प्राप्त नभएको..............................।

**माननीय सभामुख-** माननीय सदस्यहरु, अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवि पुन मगरलाई मिति २०७६ साल माघ १४ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु। माननीय ज्यू के छ?

**माननीय श्री हरिशरण आचार्य**-१४ गते सदनमा उठेको कतिपय विषयबस्तुहरु जो माननीय मुख्यमन्त्री ज्यूसँग पनि सम्वन्धित छ। सरकारको विषय सँग पनि सम्वन्धित छ। यो विषयबस्तु आज..कटिसकेर अगाडी वढिसकेको छ। र

नियमावलीले ५७-२ ले भने अनुसार अहिले त्यो विषयवस्तु आज सदनमा जवाफको माग गर्दछु। धन्यबाद।

**माननीय सभामुख-** हाम्रो माननीय सदस्यले उठाएको कुरा गम्भिर ध्यानाकर्षण भएको छ। अब दुई जना मन्त्रीहरुले आफ्नो मन्त्रालय सँग सम्वन्धित जवाफ पनि दिइसक्नु भएको छ। माननीय सदस्यले मुख्यमन्त्रीकै जवाफ माग गर्नु भएको छ। अव हाम्रो यो सदनको अवधिभर उहाँले अवस्य पनि हाम्रो नियमावलीलाई ध्यान दिएर जवाफ दिनु हुनेछ। अव त्यसकारण यो सदन अगाडी वढाउन म अनुमति दिन्छु।

**माननीय श्री मेखलाल श्रेष्ठ-** माननीय सभामुख महोदय,नियम ५७ को उपधारा २ बमोजिम शुन्य समय र विशेष समयमा उठेका विषयहरु सम्वन्धित मन्त्री र मुख्यमन्त्री मन्त्री भन्नाले परिभाषामा मुख्यमन्त्रीलाई पनि जनाउने भएकाले र कुनै पनि क्याबिनेटबाटै डिसिजन गरिएका कुराहरु यदि मन्त्रीले जवाफ दिंदै जाने हो भने मेरो विचारमा मुख्यमन्त्री राख्न जरुरी छ जस्तो मलाई लाग्दैन किनभने माघ १४ गते हाम्रो संसदीय दलको नेता माननीय कृष्णचन्द्र नेपाली ज्यूले जुन कुरा उठाउनु भएको छ, त्यो विषय सिधै गएर मुख्यमन्त्री ज्यूसँग ठक्कर खान्छ। त्यो विषयमा कुनै पनि मन्त्रीले उत्तर दिने कि चाँहि कार्याबाहक मुख्यमन्त्री भनेर उत्तर दिनु पर्यो र माननीय पियारी थापाले जुन कुरा उठाउनु भएको छ त्यो अरु मन्त्रीले उत्तर दिएर यो सदन अगाडी वढ्न सक्तैन त्यो भएको कारणले हामीले यो बिषयमा दुईटा बिषयमा मुख्यमन्त्री ज्यूको उत्तर चाहेको हुनाले यो सदन अगाडी वढ्न सक्तैन, सभामुख महोदय।

**माननीय सभामुख-** अब माननीयजिले उठाएको कुरा हाम्रो नियमावली अनुसार नै छ। अब मुख्यमन्त्री माननीय जीले बोल्ने भन्नु भएको छ। मैले फेरि पनि सदनबाट प्रतिपक्ष दलको नेताले कुरा उठाईसके पछि उहाँले जवाफ नदिई हुदैन त्यो कुरा सबैलाई बोध भएकै विषय हो। अब उहाँले हाम्रो सदनको अबधिमा आजै भन्ने कुरा कति उपयुक्त हुन्छ भन्ने मात्रै हो। आज उहाँले बोल्न पर्छ, जबाफ दिनु पर्छ त्यो कुरा सत्य हो। आजै उहाँ उपस्थित हुनु भएको छैन र यसलाई बिधिको हिसाबले आज सदन अगाडी वढाएर जाउँ। र उहाँले तत्कालै फेरि रुलिङ गरेर

उहाँलाई जवाफ दिन म अनुरोध गर्छु। माननीय जि के छ त्यो मान्दिनुहोस भन्ने मेरो अनुरोध छ।

**माननीय सदस्य श्री आशा कोईराला -** माननीय सभामुख महोदय, कुनै पनि सदनको एउटा गरिमा हुन्छ। यो प्रदेश सभाको बैठक संचालनको क्रममा मुख्यमन्त्री अनुपस्थित भएको हामीले देखिरहेका छौं। बिशेष कारण उहाँ दिनदिनै सदनमा उपस्थित हुनुपर्छ भनेर कुनै हाम्रो नियममा उल्लेख गरिएको छैन। जबकि दुई दुई जना बिषयगत मन्त्रिहरुले जवाफ दिइरहेको अवस्थामा र मुख्यमन्त्रीले निकट भविष्यमा तपाईको कार्यसूचिमा राखेर भोलि पर्सि कुनै पनि दिन जवाफ दिन सक्ने वातावरण हुँदाहुँदै नियोजित ढंगबाट सदन अबरुद्ध गर्ने जुन प्रसङ्ग यहाँ उल्लेख भएको छ। र सभामुख ज्यूवाट पनि अर्को कार्यसुचिमा राख्छु भन्ने रुलिङ नभैकन के गर्ने भनेर जुन सदासयताको लागी अनुरोध प्रस्ताब गरिरहनु भएको छ, त्यो स्वाभाविक छैन र यो सदन अगाडी वढाउनु पर्छ। मुख्यमन्त्रीले जवाफ यति दिन भित्रमा दिनु हुन्छ भन्ने कमिटमेण्ट सभामुखले दिएर सदन अगाडी बढाएर जानुपर्छ भन्ने कुरा म राख्न चाहान्छु। धन्यबाद ।

माननीय सभामुख महोदय, मेरो पनि नियमापत्ति छ।

**माननीय सभामुख**-माननीय सदस्य के छ तपाइको?

**माननीय सदस्य श्री कुमार खड्का-** प्रमुख प्रतिपक्ष सदनमा उभिईसकेपछि यो अवरोधको स्थितीमा सदनका अन्य गतिविधिहरु चल्ने गर्दैनन। अन्य माननीय ज्यूहरुको अभिव्यक्तिहरु त्यो सन्दर्भमा आउनु यो संसदीय परम्परा अनुकुल छैन भन्ने कुरा निवेदन गर्दै हामीले यो नियोजित हैन सभामुख महोदय नियमावलीले के भनेको छ भन्दाखेरि मन्त्री ज्यूहरुले ५७ को २ अनुसार सात दिन भित्रमा सदनलाई उत्तर दिनुपर्दछ। यो काँग्रेसको माननीयहरुले मात्र उठाउनु भएको हो, नयाँशक्ति वा समाजवादी पार्टिका माननीयले उठाउनु भएको वा राष्ट्रिय जनमोर्चाका माननीयले उठाउनु भएको मात्र होईन। सिङ्गो सदनका प्रतिपक्ष सत्तापक्ष प्रतिपक्षका माननियले उठाएका कुराहरुलाई माननीय मन्त्रीज्यूले उत्तर दिने र सदनको गरिमा राख्ने हो यो लडाई पनि सदनको गरिमा राख्नलाई हो। आज पहिलो दिन होइन सभामुख महोदय यो भन्दा अगाडी चार पटक

सभामुख महोदय मार्फत रुलिङ भैसकेको छ। त्यो रुलिङलाई सत्तापक्षले अस्विकार गरेको छ। विशेष गरेर सरकारले यसरी नै अगाडी जाने हो भने नियमलाई पनि नमान्ने सात दिनमा मुख्यमन्त्री मन्त्रीहरुले उत्तर दिनुपर्छ भनेर भनिसकेपछि सात दिन औंलाले गनिसकेपछि माननीय मुख्यमन्त्रीजी उपस्थित भएर उत्तर दिन आवश्यक थियो त्यो संभब नभैसकेपछी सदनमा कुनै पनि माननीयले सदनको नियमावली हामीले लेख्ने सर्वसम्मत पास गर्ने तर तेलाई पालन गर्ने बेलामा यो वा त्यो कोणबाट प्रश्न उठाउने कुराले चाँहि सदनको गरिमा अगाडी वढ्न सक्तैन सभामुख महोदय तसर्थ माननीय मन्त्री ज्यूहरुले नियमावलीमा लेखेका कुराहरु उहाँहरुले पनि पालन गर्नु पर्छ। त्यो पालन नहुँदासम्म सदनको कार्बाही अगाडी बढाँउदा त सदनकै अवज्ञा हुन्छ, सदनकै अपमान हुन्छ, सभामुख महोदय। तसर्थ सदनको कार्बाही नियमावलीलाई अक्षरंश पालना नगरेसम्म अगाडी बढ्नु हुँदैन भन्ने जिकिर हाम्रो।

**माननीय सदस्य श्री मायानाथ अधिकारी-** माननीय सभामुख महोदय, संसदको नियमावली सम्बनधी कार्यान्वयन सम्बनधी हामी प्रतिबद्द छौं। त्यससम्बन्धी हामी जानकार नभएको बिषय छैन। हामीले तेल्लाई पालना गर्ने कुरामा निरन्तर लागिरहेका छौं। मन्त्रीज्युहरु हरेक संसदमा मन्त्रीज्युहरुले जवाफ पनि दिइरहनु भएको छ। कहिलेकाँही बिशेष कारणले मन्त्रीज्यूहरुको अनुपस्थित हुँदा फेरि पनि मन्त्रीज्यूहरुले जवाफ दिईरहनु भएको छ। आज पनि दुईजना मन्त्रीज्यूहरुले जवाफ दिनु भएको छ। एकजना मन्त्री प्राविधिक कारणले आइपुग्नु भएको छैन भोलि दिन्छु भनिरहनु भएको छ। माननीय मुख्यमन्त्रीज्यूको जहाँसम्म सवाल हो उहाँले पनि संसदमा नआउने संसदका कुराहरुलाई जवाफ नदिने गर्नु भएको छैन। नियमित रुपमा उहाँले जवाफ दिइरहनु भएकै छ। उहाँले संसदलाई अपमान गर्नु भयो भन्ने कुरा आँउदैन हामी उहाँलाई बेला बेलामा सूचना पनि छलफल पनि गरीरहेका छौं तर मुख्यमन्त्रीज्यूले तोकेको फलानो समय फलानो घण्टामा दिने भन्दा पनि उहाँले आवश्यकता महशुस गरेका मन्त्रिहरुले पनि जवाफ दिएर नपुगेका महत्वपूर्ण बिषयहरुमा बिशेष समय लिएर उहाँले बोल्ने परम्परा छदैछ। उहाँले बिशेष समय लिएर उपयुक्त समयमा बोल्छु भन्नु भएको छ। तर

अब नियम के हो म जान्दिन फलानो मितिमै बोल्नु पर्छ फलानो दिनमै बोल्नु पर्छ भन्दा पनि उहाँले म उपयुक्त समयमा संसदमा उठेका महत्वपूर्ण कुराहरुको म जवाफ दिन्छु भन्नु भएकै छ त्यसकारणले यहि बिषयलाई मुख्यमन्त्रीले अपमान गर्यो वा मुख्यमन्त्री आउनु भएन जवाफ दिनु भएन भनेर सदन अवरोध गर्ने कुरा उपयुक्त होइन भन्ने मलाई लाग्छ किनभने मन्त्रीज्यूहरु नियमित आइरहनु भएकै छ, जबाफ दिईरहनु भएकै छ। होला कहिले काँही एकाध कुरामा कमजोरी भाछन उहाँले महशुस पनि गर्नु भएछ हामीले संसदीय दलको हिसाबले भनेका पनि छौं।उहाँहरुलाई समय भित्र जवाफ दिनु पर्छ भनेका पनि छौं यसको अर्थ प्रदेश सभा नियमावलीलाई हामीले नमानेको भन्ने हुन्छ र हामीले महत्वपूर्ण ढंगले तेल्लाई उठाएका छौं, लागु पनि गरेका छौं। सामान्य कुराहरुमा कहिं कतै हामी समझदारी हुँदा यो चाँहि अहिले यति गरौं भोलि यति गरौं भनेर समझदारी गरेका कुरा त मान्नु पर्यो नि त्यसकारण हामीले यसलाई अन्यथा ढंगले नमानेको अस्विकार गरेको भन्ने अर्थमा नलिनु हुन म सभामुख मार्फत अनुरोध गर्न चाहान्छु। सभालाई व्यवस्थित रुपले अगाडी वढाउन अनुरोध गर्छु। धन्यबाद ।

**माननीय सभामुख-** माननीय सदस्यहरु अब सचेतकले त्यत्रो अनुरोध गरिसकेपछि म आजको सभा अगाडी बढाउन तपाईहरुले यो अनुरोध गर्छु।बस्दिनको लागि म अनुरोध गर्छु।माननीय सदस्यले आफ्नो कुरा राख्नुभो।बस्नको लागि अनुरोध गर्छु। माननीय सदस्यहरु आफ्नो कुरा राख्नु भएको छ।बस्नको लागि अनुरोध गर्छु।माननीय सदस्यहरु।माननीय सदस्यहरु।

**माननीय सदस्य श्री राजीव पहारी-**म बोलौं सभामुख महोदय।

**माननीय सभामुख-**के छ? बोल्ने बिषय के छ?

**माननीय सदस्य श्री राजीव पहारी-** बोल्ने बिषय छ सभामुख महोदय, त्यसो भएर उठिरहेको छु सभामुख महोदय। यो प्रदेश सभाको बैठकलाई विभिन्न नाँउ।

**माननीय सदस्य श्री कुमार खड्का-** सभामुख महोदय मेरो नियमापत्ति छ।

**माननीय सदस्य श्री राजीव पहारी-** नियमापत्ति माथी मेरो नियमापत्ति छ सभामुख महोदय।

**माननीय सदस्य श्री कुमार खड्का-** सभामा।

**माननीय सदस्य श्री राजीव पहारी-** म यो यहाँ नियमावली म पढ्दै छु।सभामुख महोदय।

**माननीय सदस्य श्री कुमार खड्का-** नियमापत्ति नगरिकन सभामुख महोदय, नियममा आपत्ति नगरिकन मञ्चमा उभिएझै गरेर माननीय जी हरु उभिने बोल्ने यो परम्परा नियमावलीले दिदैन संसदीय परम्पराले दिदैन त्यतातिर म सभामुख महोदय मार्फत ध्यान आकृष्ट गर्न चाहान्छु।

**माननीय सदस्य श्री राजीव पहारी-** सभामुख महोदय, गण्डकी प्रदेशको प्रदेश सभा नियमावलीको धारा ५७ को २ मा मन्त्रीले सात दिन भित्र सभामुख मार्फत सभालाई जानकारी उपलब्ध गराउनु पर्ने छ भन्ने छ र आज दुई जना मन्त्री ज्यूहरुले यो सभामा सरकारको तर्फबाट आफ्नो मन्त्रालय माथी उठेका कुराहरुको बिषयमा जानकारी प्रष्ट पार्नु भएको छ।अब यो प्रदेश सभाको बैठक त नियमीत रुपमा सञ्चालन हुन्छ।अनि अरु बिषयमा जे जे कुराहरु उठेका छन यो त निरन्तता हो सदनको यो जस्तो आज बसेको छ भोलि बस्छ।पर्सि बस्छ अरु बिषयमा अरु मन्त्रीज्यूहरुले मुख्यमन्त्रीज्युहरुले अरु दिनमा आएर राख्नुहुन्छ।सबै त एकै दिनमा सबै राख्ने भन्ने कुरो त हुदैन त्यसो भएर यो तिललाई पहाड बनाएर सामान्य कुरालाई ठूलो बिषयबस्तु बनाएर यो सदन अबरुद्ध गर्ने कुरा यो संसदीय परम्परा बिधि बिपरीत छ भन्ने मलाई लाग्छ।यसले संसदको गरिमा घटाउँछ। म माननीय अन्य प्रतिपक्ष दलका माननीयज्यूहरुलाई व्यक्तिगत रुपमा बिशेष अनुरोध गर्न चाहान्छु।संसदीय गरिमा, प्रतिष्ठा हाम्रा गतिविधि र क्रियाकलापहरुले वढ्ने हुन त्यसो भएर शुर भैरहेको बिषयलाई यसरी नियमापत्ति नगर्न अनुरोध गर्छु।

**माननीय सदस्य श्री कुमार खड्का-** सभामुख महोदय बिधि र प्रकृया मिचेर सभामुखले गर्ने रुलिङ तलबाट माननीय जीले रुलिङ् गर्ने हो भने यो सभा के

बिधिबाट नचल्ने, प्रकृयाबाट नचल्ने के यो भाषण गर्ने चौतारि हो सभामुख महोदय। सभामुखले गर्ने रुलिङ तलबाट माननीय ज्यूले कसरी गर्न सक्नु हुन्छ माननीय ज्यूले।

**माननीय सभामुख**-माननीय सदस्यहरु बस्नुहोस अब माननीय सदस्यहरु प्रतिपक्ष दलको नेताहरु सदन अबरुद्धको क्रममा भएको हुनाले यो बैठक २०७६ साल माघ २४ गते बिहानको ११.०० बजे सम्मको लागि स्थगित हुन्छ।